लोकप्रिय समाचार
हुलाक दर्ता नं: २६
सि.पा, जिल्ला हुलाक कार्यालय
२०८१ मसिर २६ गते बुधवार
2024 December 11 Wednesday
दर्ता नं: ०६८/०७०/०७१ सि.पा



## Lisankhu Pakhar Rural Municipality
# Office of Rural Municipal Executive
### Attarpur, Sindhupalchowk
### Bagamati Province, Nepal

## Invitation for Electronic Sealed quotation

**First Date of Publication: 11th Dec 2024**

1. Lisankhu Pakhar Rural Municipality invites bids from Nepalese eligible bidders for the Construction of the works in the table below, under Sealed Quotation Bidding procedures.
2. Eligible Bidders may obtain further information at Office of Lisankhu Pakhar Rural Municipality, Attarpur, Sindhupalchowk, Nepal, or may visit PPMO: website www.bolpatra.gov.np/egp.
3. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 26th Feb 2025).

| S. No | Contract Identification No. | Description of work | Bid Security Amount (NRs) | Last date & Time of | | Estimated Amount with VAT & PS (NRs) |
|---|---|---|---|---|---|---|
| | | | | Submission | Opening | |
| 1 | LPRM/SQ/ Works/ BC/081/82-03 | Construction of Mangal Danda Community Building, Lisankhu Pakhar RM-04 | 40,000/- | 26th Dec 2024 12:00 HRs | 26th Dec 2024 13:00 HRs | 14,54,308.49/- |

**Chief Administrative Officer**

# काठमाण्डौं उपत्यकाको तापक्रम निरन्तर घट्दो

## अन्तिम पेज



अशोक शौकी

# प्रकृतिको प्रवृत्ति

प्रकृति आफैंमा सुन्दर छ, प्रकृतिलाई ईश्वरको देन मान्नु पर्छ । वर्षायाममा उब्जनी हुने सब्जी वर्षाकालमै मिठो हुने हिउँदमा उब्जनी हुने हिउँदैमा मिठो लाग्ने हुन्छ । हाम्रो शरीरमा पनि कानको बनावट अगाडि मान्छेले कुरा गरेको उच्चारित न्यूनतम आवाजलाई कानको बाहिरी भागले पहाडलाई हावाले छेक्ने जस्तै गरी छेकेर कानको भित्र पुऱ्याइ हामीले सुन्न पाएका छौं । यसरी नै हाम्रो नाक मुख आँखा सबै मिलिमत हुन् । हामीले खण्डन गर्न नसक्ने गरी शरीरको बनावट मिल्नु, यो ईश्वरको कलाकारिता हो । यो ईश्वरको देन हो । यो प्रकृतिको अंश हाम्रो शरीरलाई उचित तरिकाले प्रयोग गर्न जान्यो भने हामी निरोगी भई सहज रुपमा बाँच्न सक्छौं । प्राकृतिक दृश्य अवलोकन गरी मनलाई शान्त र शीतलता गरी आनन्दको अनुभूति गर्न सकिन्छ । तनावले पिरोलेको बेला मनको अन्तहीन प्रस्थानबाट प्रकृतिको परिकल्पना गरी तनावलाई कम गर्न सक्छौं । यसबाट सिर्जनात्मक क्रियाकलाप गर्न मदत पुग्छ । एक दिन यशोदाले बालकलाई काखमा राखेर दुध खुवाइरहनुभएको थियो र मुसुमुसु हाँसिरहनुभएको थियो । भगवान् श्रीकृष्णले हाइ गरी मुख खोल्नुभयो । यशोदाले श्रीकृष्णको मुखमा आकाश, अन्तरिक्ष, ज्योतिमण्डल, सूर्य चन्द्रमा, अग्नि, वायु, समुद्र, पर्वत, नदी, वन र चराचर प्राणी जगत अटाएको देख्नुभयो ।

आफ्नो छोराको मुखमा एकाएक सारा जगत्लाई देखेर आश्चर्यचकित भई उहाँले आँखा नै बन्द गर्नुभयो । यसबाट हामी के बुझ्न सक्छौं भने प्राणी र प्रकृतिबिच नङ र मासु झैं परिपूरक समन्वय छ । प्रकृति र हाम्रो स्वास्थ्य अनमेल भएमा हामीलाई रोग लाग्ने भएकाले पूर्वजहरुले मन्दिर वरिपरि मन्दिरको